# नेपाल राष्ट्र बैंक
## प्रेस समाचार

### गभर्नर डा. खतिवडाद्वारा विराटनगरका विभिन्न कार्यक्रममा सहभागिता

**अडिटर्स एशोसिएशन अफ नेपालको तेस्रो राष्ट्रिय महाधिवेशनको उद्‌घाटन**

गभर्नर डा. युवराज खतिवडाले विराटनगरमा आयोजित अडिटर्स एसोशियन अफ नेपाल (अडान) को तेश्रो राष्ट्रिय महाअधिवेशन एक समारोहका बीच गत चैत्र ९ गते उद्‌घाटन गर्नु भयो । सो कार्यक्रममा गभर्नर डा. खतिवडाले अधिवेशनको सफलताको कामना गर्दै अधिवेशनबाट निर्वाचित भई आउने नयाँ नेतृत्वले संगठनलाई अग्रगति दिन सकोस् भन्ने शुभकामना दिनु हुँदै नेपाली लेखापरीक्षकहरूले




विश्वव्यापी रुपमा प्रचलित International Accounting Standard (IAS) र Nepal Accounting Standard (NAS) ले अगिंकार गरेको सिद्धान्त अनुरुप आफ्नो दक्षतालाई अभिवृद्धि गर्दै जानुपर्ने आवश्यकतामाथि प्रकाश पार्नु भयो । वहीखाता, भौचर र फाइल केलायर लेखापरीक्षण गर्ने प्रचलन सूचना प्रविधिमा भएको परिवर्तनले विस्थापित भइसकेको बताउदै गभर्नर डा. खतिवडाले व्यवसायको आधुनिकरणसंगै जोखिमको प्रकृतिमा परिवर्तन आएकोले साइबर क्राइम, बैंकिङ्ग जालसाजी र वित्तीय अपराधले लेखापरीक्षण व्यवसायको छविमाथि नकारात्मक असर पर्ने संभावना रहेको हुँदा लेखापरीक्षकले आफ्नो दक्षता बढाउनु पर्ने तथ्य औल्याउनु भयो । लेखापरीक्षकले व्यवसायको हरेक क्षेत्रमा रहने जोखिमको पहिचान गरी तत्अनुरुप लेखापरीक्षण गर्नुपर्ने धारणा राख्दै उहाँले वासलात बाहिरको कारोबारले कर प्रयोजनमा प्रत्यक्ष असर गर्ने भएकोले सोको पहिचान गर्नुपर्ने, आतंकवाद र अन्य गैरकानूनी कारोबारबाट आर्जन भएको सम्पति शुद्धीकरण नहोस भन्नेतर्फ लेखापरीक्षकहरू चनाखो हुनु पर्ने बुँदाउपर पनि उहाँले प्रकाश पार्नु भयो । प्रमुख अतिथिको आसनबाट बोल्नु हुँदै गभर्नर डा. खतिवडाले लेखापरीक्षकहरूको दक्षता अभिवृद्धिको लागि अडानबाट माग भई आएमा राष्ट्र बैंकको तर्फबाट आवश्यक सहयोग हुने जानकारी दिनु भयो । लेखापरीक्षकहरूले कुनै पनि संगठन, व्यवसायिक फर्म, बैंक वित्तीय संस्थाको लेखापरीक्षण गर्दा अन्तर्राष्ट्रिय र राष्ट्रियस्तरका लगानीकर्ताका साथै सम्बन्धित सरोकारवाला र जनसमुदाय विस्वस्त हुन सक्ने सत्य तथ्य विवरण प्रस्तुत गरी आफ्नो व्यवसायिक मर्यादालाई स्वच्छ, पारदर्शी र निष्पक्ष बनाउनुका साथै जुनसुकै परिस्थितिमा पनि विचलित हुन नहुने धारणा पनि गभर्नर डा. खतिवडाले सो अवसरमा राख्नु भयो ।

त्यसैगरी शुभकामना मन्तव्य दिने क्रममा डेपुटी गभर्नर श्री महा प्रसाद अधिकारले कुनै संस्थामा जालसाजीको घटना बाहिर आउँदा समाजमा सर्वप्रथम त्यस फर्मको लेखापरीक्षण कसबाट भएको थियो भनी प्रश्न आउने हुँदा लेखापरीक्षकले जोखिममा आधारित लेखापरीक्षण गर्न नसक्दा मतियार मानी अपराधी सरह कारवाही हुने भएकाले आफ्नो दक्षता बढाउदै लानुपर्नेतर्फ ध्यान दिन सहभागीहरूलाई सुझाव दिनुभयो । साथै, लेखापरीक्षकहरूलाई बजारको समस्या नरहेको र ICAN को स्थापनापश्चात् लेखापरीक्षकहरूको दक्षता अभिवृद्धि गर्नेतर्फ ठुलो काम भइरहेको जानकारी दिनु भयो ।

## कमर्सियल एग्रिकल्र एलायन्स, विराटनगरको गतिविधिको जानकारी

पूर्वाञ्चल विकास क्षेत्रका ११ जिल्लामा कृषिको व्यवसायिक विस्तार गर्न नेपाल सरकार र एशियाली विकास बैंक (ADB) बीच द्विपक्षीय सम्झौता भएपश्चात् ६ बर्षको लागि सञ्चालित कमर्शियल



एग्रिकल्चर एलायन्सको गतिविधिको पनि डा. खतिवडाले जानकारी लिनु भयो । एलायन्स कार्यालयको अवलोकनको क्रममा एलायन्सका अधिकारीहरूले उक्त परियोजनाको उद्देश्य माथि प्रकाश पार्नुहुदै यो एक गैरनाफामुखी संस्था भएकोले यसको निरन्तरताको लागि आग्रह गर्नु भयो । छलफलको क्रममा गभर्नर डा. खतिवडाले कृषिमा यान्त्रिकिकरण आजको आवश्यकता हो भन्नु हुदै युवालाई कृषितर्फ आकर्षित गर्नुपर्ने, एक गाँऊ एक उत्पादनलाई विशेष जोड दिदै कृषि उत्पादनलाई अर्गानिक बनाउँदै लगेमा मात्र कृषिमा दिगोपना आउने विचार व्यक्त गर्नुभयो । ठोस योजना सहित आएमा नेपाल सरकारको सम्बन्धित मन्त्रालयमा कमर्शियल एग्रिकल्चर एलायन्सलाई निरन्तरता प्रदान गर्ने विषयमा केन्द्रीय बैंकले आवश्यक पहल गर्ने जानकारी दिनु भयो ।

## उद्योगी व्यापारीहरूसँग भेटघाट र छलफल

पूर्वाञ्चल उद्योग वाणिज्य संघ र मोरगं ब्यापार संघले संयुक्तरूपमा आयोजना गरेको भेटघाट तथा छलफल कार्यक्रममा सहभागी हुनु भयो । उद्योगी व्यवसायीहरूले भा.रु.को अभाव, उर्जा संकटले उद्योगमा पारेको असर, तरलता संकट,बैंक ग्राहक मैत्री हुन नसकेको, ब्याजदर घटन नसकेको, विदेशी मुद्राको सटही दर प्रत्येक दिनजसो पटक पटक परिवर्तन भइरहने गरेको, सुनको आपूर्ति बढाउनु पर्ने, महिला उद्यमीलाई सस्तो ब्याज दरमा कर्जा उपलब्ध हुनु पर्ने, रेमिटयान्सलाई उत्पादन क्षेत्रमा लगानी गर्ने, ब्यापार घाटा, पूँजी पलायन, विदेशमा लगानी गर्ने अवसर, रुग्ण उद्योगको समस्या, कर्जाको लागत बढेकोले उद्योग धरासयी हुने तर बैंकको संख्या र नाफा दुवै बढदै गएको विषयमा सहभागीहरूको तर्फबाट प्रस्तुत प्रश्नको सम्बोधन गर्नु भएको थियो । सो अवसरमा गभर्नर डा. खतिवडाले बैकिंग प्रणालीबाट र बैंकिङ्ग उपकरणबाट कारोबार गर्न भा.रु.को कुनै अभाव नरहेको र अनौपचारिक कारोबारले दुबै देशको अर्थतन्त्रका साथै सुरक्षाको पनि प्रश्न भएकोले नगद उपभोगतर्फ भने उद्यमी ब्यवसायी समेत सजग रहनुपर्ने बताउनु भयो । देशमा तरलताको अभाव नभएकोले बैंकहरूले धैर्य लिएर काम गर्न आग्रह गर्नुभयो । रेमिट्यान्सलाई उत्पादन क्षेत्रमा लगानी गर्नको लागि खाडी मुलुकतर्फबाट आउने अशं सानो भएकोले उपभोगमा खर्च हुने हुदां




गैरआवासीय नेपालीलाई लगानीमा आर्षित गर्न सरकारले आवश्यक वातावरण बनाएकाले व्यवसायीहरू ले पनि पहल गर्नु पर्ने विचार राख्नु भयो । राष्ट्र बैंकले आधार व्याजदर लागु गरि सकेकोले व्यवसायीलाई बैंकसित कारोबार गर्न सहज भएको उल्लेख गर्दै महिला उद्यमीलाई सस्तो ब्याजदरमा ऋण दिन राष्ट्र बैंकले वाणिज्य बैंकलाई निर्देशन दिन नमिल्ने भएतापनि सामाजिक उत्तरदायित्व अन्तर्गत वाणिज्य बैंकहरूले केही सहुलियतदरमा ऋण प्रवाह गरेमा राष्ट्र बैंकले त्यस्ता वाणिज्य बैंकलाई उच्च मूल्यांकन गर्ने बताउनु भयो । सुनको आपूर्ति वृद्धि हाल गर्न नसकिने तर वितरण प्रणालीलाई सहज बनाउने सन्दर्भमा व्यवसायी सित छलफल गर्न तयार रहेको बताउनु भयो ।